खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (कृषि विकास शाखा)

कल्याणपुर सप्तरी

प्रदेश नं. २, नेपाल

पत्र संख्या: ०७७/०७८

---

## सुचिकृत तथा प्रस्ताव अव्हानको सुचना (प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/१०/०९ गत)

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ४ वटा संभागहरु मध्ये भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय शसर्त अनुदान कार्यक्रम अन्तर्गत यस खडक नगरपालिका कृषि विकास शाखा मार्फत संचालन हुने व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न चाहने ईच्छुक कृषक समूह , कृषि सहकारी , कृषि उद्यमी ,फर्म ,जलउपभाक्ता समितिहरुले देहायका पूर्वाधार भएको/हुन सक्ने शर्तमा यस खडक नगरपालिका क्षेत्रभित्र रहने गरी तराईमा खाद्यान्न बालीको हकमा २० हेक्टर, आलु तथा तरकारी बालीको हकमा २० हेक्टर, दलहन,तेलहन,मसलाबाली, फलफूल बालीको हकमा १० हेक्टर, कन्ये तथा गोब्रे च्याउको हकमा १००० के.जी.,पलाष्टीक घरमा खेतीको हकमा १०००० वर्ग मि. क्षेत्रफलमा एउटै कोरीडोरमा /चक्लाबन्दी रहने गरी तपसिल बमोजिमको विवरणहरु संलग्न राखी (मिति २०७७/१०/०९ देखि २०७७/१०/२३ गते सम्म) १५ दिन भित्र सूचिकृतको लागी प्रस्ताव पेश गर्न सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ। <u>शर्तहरु</u> १) सडक पहुँच भएको वा हुन सक्ने २) सिंचाईको उपलब्धता भएको वा हुन सक्ने ३) विद्युतको उपलब्धता भएको वा हुन सक्ने ४) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा रहेक ५)वित्तिय संस्थाहरु पहुच भएको वा हुन सक्ने ६) कृषि सेवा केन्द्र/ कृषि विकास शाखा संगको पहुच भएको

<u>तपसिल :</u>

१. अनुसूची १० बमोजिमको आवेदन फारममा रु. १० को टिकट टासी रितपूर्वक भरेको तथ्यांक र प्रस्तावना सहितको निवेदन ।
२. सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी, फर्म, जलउपभोक्ता समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. आफूले सन्चालन गर्ने कृषि बाली एकिन गरी संस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ ।
४. फर्म/सहकारीको हकमा PAN No. सहीत २०७६/०७७ को अडिट प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
५. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन ) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको लागि पकेट संचालन गर्न दिएको सहमती पत्र ।
६. वाडा कार्यालयको सिफारिस पत्र ।
७. निवेदकको नागरिता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
८. एउटै समूह/सहकारी/फर्म संस्थासंग उल्लेखित क्षेत्रफलमा जग्गा नभएमा अन्य समूह/सहकारी मिलि सहमती गरी एउटै कोरिडोरमा पकेट कार्यक्रमको लागि अलग अलग पेश गर्न सकिने छ ।
९. आवेदन साथ पेश गरेका सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी ।
१०. व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस खडक न.प.कोकार्यालमासुरक्षित रहने छ ।
११. ब्लक/पकेट संचालन सम्बन्धि नया कार्यविधि २०७७ अनुसार २ वर्ष सम्म अनुदान लिइसकेका पुराना ब्लक/पकेटहरु यसमा भाग लिन पाउने छैन ।
१२. स्थानीय गा.पा./न.पा. वा अन्य कुनै निकायबाट, चक्लाबन्दी खेती वा जोन संचालन गरेको कृषक समूह/सहकारी वा अन्य कुनैले आवेदन दिन पाउने छैन ।

..........................

राम नारायण साह

प्रमुख प्रशासकीय अधिकृत

राम नारायण साह

प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com, 031-5400